# राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड
# प्रमुख कार्यकारी अधिकृत छनौट तथा सिफारिस कार्यविधि, २०८१

राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड
रामशाहपथ, काठमाडौं

# राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत छनौट तथा सिफारिस कार्यविधि, २०८१

<u>सञ्चालक समितिबाट स्वीकृत मितिः२०८१/०१/११ (बैठक नं.३५)</u>

राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदमा खुला प्रतिस्पर्धाको माध्यमबाट छनौट गरी नियुक्ति गर्न सिफारिस गर्ने प्रयोजनको लागि बीमा ऐन, २०७९ को दफा ५३ को उपदफा (३) खण्ड (क) र राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडको नियमावली, २०८० को नियम ३६ (१) बमोजिम सञ्चालक समितिले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

**१. संक्षिप्त नाम प्रारम्भः** (१) यो कार्यविधिको नाम "राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत छनौट तथा सिफारिस कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि सञ्चालक समितिबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः**

(क) "कार्यविधि" भन्नाले राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत छनौट तथा सिफारिस कार्यविधि, २०८१ सम्झनुपर्दछ ।

(ख) "कम्पनी" भन्नाले राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड सम्झनुपर्दछ ।

**३. दरखास्त आह्वानः** कम्पनीको प्रमुख कार्यकारी अधिकृत पदपूर्तिका लागि एक्काईस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा दुई पटक अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गरिनेछ । साथै यस्तो सूचना कम्पनीको वेबसाइटमा समेत राखिनेछ ।

**४. आवश्यक शैक्षिक योग्यता, अनुभव र उमेरः** (१) कम्पनीको प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्दा देहाय बमोजिमको योग्यता तथा अनुभव भएको व्यक्तिलाई नियुक्त गर्नुपर्नेछः-

(क) बीमा, मौद्रिक, बैंकिङ्ग, वित्तीय, वाणिज्यशास्त्र, व्यवस्थापन, जनप्रशासन, तथ्याङ्कशास्त्र, गणित, अर्थशास्त्र वा कानून विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरेको र व्यवस्थापक तहमा बीमा क्षेत्रमा भए पाँच वर्ष, बैङ्क वा वित्तीय क्षेत्रमा भए आठ वर्ष तथा दुवै क्षेत्रमा भए बीमामा कम्तीमा एक वर्षको अनुभव सहित कम्तीमा सात वर्षको अनुभव हासिल गरेको वा,

(ख) चार्टर्ड एकाउन्टेण्सी गरेको वा बीमा, मौद्रिक, बैंकिङ्ग, वित्तीय, वाणिज्यशास्त्र, व्यवस्थापन, जनप्रशासन, तथ्याङ्कशास्त्र, गणित, अर्थशास्त्र, इन्जिनियरिङ्ग वा कानून विषयमा कम्तीमा स्नातक वा सो सरहको उपाधि हासिल गरेको र कम्तीमा व्यवस्थापक तहमा बीमा क्षेत्रमा भए कम्तीमा दश

वर्ष, बैङ्क तथा वित्तीय क्षेत्रमा भए पन्ध्र वर्ष वा दुवै क्षेत्रमा भए बीमा क्षेत्रमा कम्तीमा एक वर्षको अनुभव सहित कम्तीमा बाह्र वर्षको अनुभव हासिल गरेको।

(२) दरखास्त दिने अन्तिम मितिसम्म ६५ (पैंसट्ठी) बर्ष पूरा नभएको ।

**५. दरखास्त साथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरुः** (१) कम्पनीको प्रमुख कार्यकारी अधिकृत पदको लागि दरखास्त दिदा उम्मेदवारले देहाय बमोजिमको विवरण पेश गर्नुपर्नेछः-

(क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाइल नम्बर, घर वा कार्यालयको ठेगाना) खुलेको विस्तृत वैयक्तिक विवरण,

(ख) उम्मेदवार आफैले प्रमाणित गरेको नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र (वैदेशिक शैक्षिक योग्यताको हकमा समकक्षता प्रमाणपत्र समेत)

(ग) तालिम तथा अनुभवको कागजातको प्रतिलिपी,

(घ) पाँच हजार शब्दमा नबढ्ने गरी तयार गरिएको व्यावसायिक कार्ययोजना (Business Action Plan) दुई प्रति,

(ङ) कार्यविधिको अनसूची २ बमोजिमको दरखास्त ।

(२) उपदफा (१) बमोजिमको विवरणको (व्यवसायिक कार्ययोजना बाहेक) प्रत्येक पानाको अन्त्यमा उम्मेदवारले दस्तखत गर्नुपर्नेछ ।

(३) उम्मेदवारले दरखास्तसाथ पेश गर्नुपर्ने स्वयं घोषणामा यस दफा एवं अनुसूची २ बमोजिमको देहायको खुलाउनुपर्ने विवरणहरु आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछः-

(क) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ख) कम्पनीसँग ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्तिको कारोवारमा आफैं वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता नभएको वा कम्पनीसँग निजी स्वार्थ नभएको,

(ग) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको,

(घ) किर्ते, जालसाँजी, भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण, मानब बेचिबखन, बैकिङ्ग कसूर, बीमा तथा अन्य ठगी, शरीर बन्धक वा अपहरण जस्ता फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ङ) टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको एवं दामासाहीमा नपरेको,

(च) नेपालको प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको वा कालोसूचीबाट फुकुवा भएको तीन वर्ष पूरा भएको,

(छ) कुनै प्रकारको कर तिर्न बाँकी बक्यौता नभएको र

(ज) नियामक निकायबाट प्रमुख कार्यकारी अधिकृत हुन अयोग्य हुने भनी तोकिएको अवस्था नभएको ।

**६. देहायको व्यक्ति कम्पनीको प्रमुख कार्यकारी अधिकृत हुन योग्य हुने छैनः** (१) शारीरिक तथा मानसिक अस्वस्थताको कारणले सेवा गर्न असमर्थ भएको,

(२) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको वा कालोसूचीबाट फुकुवा भएको तीन बर्ष पूरा नभएको,

(३) कम्पनीको सञ्चालक, सञ्चालकको नजिकको नातेदार वा कर्मचारी, बीमा मध्यस्थकर्ता वा परामर्शदाताको रुपमा कार्यरत रहेको,

(४) विगत तीन वर्षको अवधिमा कम्पनीको लेखापरीक्षक भई कार्य गरेको,

(५) धितोपत्र व्यवसायीको रुपमा कार्य गर्ने वा धितोपत्र बजारको सदस्य रहेको,

(६) कम्पनीसँग वित्तीय स्वार्थ भएको,

(७) बीमा कम्पनीहरुको प्रमुख कार्यकारी अधिकृत भईसकेको व्यक्ति त्यस्तो पदमा नरहेको मितिले छ महिना नपुगेको,

(८) प्रचलित कानून बमोजिम कैद सजाय पाई त्यस्तो सजाय भुक्तान भएको मितिले तीन वर्ष पूरा नभएको,

(९) विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(१०) किर्ते, जालसाजी, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, बैकिङ्ग कसुर, बीमा तथा अन्य ठगी, शरीर बन्धक वा अपहरण जस्ता फौजदारी कसुरमा अदालतबाट सजाय पाएको,

(११) सार्वजानिक पदमा बहाल रहेको ।

**७. व्यावसायिक कार्ययोजना पेश गर्नुपर्नेः** (१) उम्मेदवारले चार प्रति व्यावसायिक कार्ययोजना (Business Action Plan) सिलबन्दी गरी दरखास्तसाथ पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको व्यावसायिक कार्ययोजनामा प्रमुख कार्यकारी अधिकृतको लागि तोकिएको काम, कर्तव्य र अधिकारलाई मध्यनजर गरी देहायका विवरणहरु समावेश गरिएको हुनपुर्नेछः-

(क) कम्पनीको संक्षिप्त जानकारी,

(ख) कम्पनीको विद्यमान अवस्थाको पहिचान र विश्लेषण,

(ग) बीमा क्षेत्रको राष्ट्रिय तथा अन्तराष्ट्रिय परिदृश्य, नेपालको विद्यमान बीमा बजारको विश्लेषण, राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडको ऐतिहासिक पृष्ठभुमि, कम्पनीको विद्यमान अवस्थाको पहिचान र विश्लेषण, सबल पक्ष, दुर्वल पक्ष एवंम अवसर र चुनौतीहरुको विश्लेषण (SWOT Analysis) र सुधार गर्नुपर्ने बिषयहरु ।

(घ) कम्पनीको रणनीतिक सुधार गर्नुपर्ने क्षेत्रहरुको विश्लेषण (Analysis of Major Areas For Strategic Reform)

(ङ) कम्पनीको संस्थागत सुशासन, Digitalization,आधुनिकीकरण, सम्पत्ति व्यवस्थापन, जोखिम व्यवस्थापन, उत्पादकत्व अभिवृद्धि, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, औद्योगिक सम्बन्ध, मानव संशाधन व्यवस्थापन तथा क्षमता विकास, Innovative Intervention, Institution Building, वित्तिय व्यवस्थापन, लेखा परीक्षणको नियमितता, प्रशासकीय खर्च व्यवस्थापन, श्रोत परिचालन लगायतका क्षेत्रमा सुधार गर्नुपर्ने विषयको अध्ययन तथा विश्लेषण, परिपालनको प्रभावकारिताको

लागि आवश्यक योजना एवम् समसामयिक सुधार गर्नुपर्ने क्षेत्रको पहिचान समेतका आधारमा तयार पारिएको  समय-सारिणी सहितको कार्य योजना (Action Plan) ।

(च) प्रक्षेपित वित्तिय विवरणः प्रस्तावित कार्य योजनाका आधारमा आगामी ४ बर्षमा पुग्न सक्ने प्रक्षेपित वित्तिय अवस्थाको विश्लेषण (Projected Financial Statement) ।

(३) व्यावसायिक कार्ययोजना नेपाली वा अंग्रेजी भाषामा तयार गर्नुपर्नेछ। व्यावसायिक कार्ययोजना A4 साइजको कागजमा मूल शीर्षक १६ प्वाइन्ट बोल्डमा, उपशीर्षक १४ प्वाइन्ट बोल्डमा, उपशीर्षकको बुँदाहरु १२ प्वाइन्ट बोल्डमा र अन्तर्वस्तु(Text) १२ प्वाइन्ट नर्मलमा तयार गरिएको हुनपर्नेछ । नेपाली भाषामा भए प्रिति/कालिमाटी युनिकोड फन्टमा र अंग्रेजी भाषामा भए Times New Roman Font मा हुनपर्नेछ ।

(४) व्यावसायिक कार्ययोजनामा क्रमानुसार पृष्ठ संख्या उल्लेख गरी अनसुचीमा संलग्न पृष्ठहरुमा रोमन “I” देखि शुरु हुनेगरी क्रमानुसार पृष्ठ संख्या उलेख गरिएको हुनपर्नेछ ।

(५) व्यावसायिक कार्ययोजनामा उम्मेदवारको पहिचान खुल्ने गरी नाम वा संकेत लेख्न पाइनेछैन ।

(६) पहिलो चरणको परिक्षणबाट संक्षिप्त सूची (Short Listing) मा परेका उम्मेदवारले प्रस्तुतीकरण समेत गर्नुपर्नेछ । प्रस्तुतीकरणको लागि प्रत्येक उम्मेदवारलाई बढीमा ४० मिनेटको समय प्रदान गरिनेछ ।

८. **मूल्याङ्कन सम्बन्धी अङ्कभारः** (१) उम्मेदवारको मूल्याङ्कन दुई चरणमा गरी कूल १०० अंकमा हुनेछ । प्रथम चरणको मूल्याङ्कन शैक्षिक योग्यता, अनुभव र व्यावसायिक कार्य योजनाको परीक्षण गरी ५५ पूर्णाङ्कमा हुनेछ । दोश्रो चरणमा उम्मेदवारको मूल्याङ्कन व्यावसायिक कार्ययोजनाको प्रस्तुतिकरण र अन्तर्वार्ता गरी ४५ पूर्णाङ्कमा हुनेछ ।

(२) उम्मेदवारको मूल्याङ्कन सम्बन्धी अङ्कभार देहाय बमोजिम हुनेछः-

(क) प्रथम चरण - ५५ अङ्क

| | | |
|---|---|---|
| १ | शैक्षिक योग्यता | १० अङ्क |
| २ | अनुभव | १५ अङ्क |
| ३ | व्यावसायिक कार्ययोजना | ३० अङ्क |

(ख) दोश्रो चरण - ४५ अङ्क

| | | |
|---|---|---|
| १ | व्यावसायिक कार्ययोजनाको प्रस्तुतिकरण | २० अङ्क |
| २ | अन्तर्वार्ता | २५ अङ्क |

(३) उपदफा (२) को खण्ड (क) बमोजिम शैक्षिक योग्यता, अनुभव र व्यावसायिक कार्ययोजनाको दहाय बमोजिम अङ्क प्रदान गरिनेछः-

(क) शैक्षिक योग्यता -१० अङ्क

| तह | प्रथम श्रेणी | द्धितीय श्रेणी | तृतिय श्रेणी |
|---|---|---|---|
| स्नातकोत्तर वा सो सरह | १० | ९ | ८ |
| स्नातकोपाधि वा सो सरह | ७ | ६ | ५ |

*(स्नातकोत्तर माथिको कुनै उपाधी हासिल गरेको भएमा एकमुष्ट दश अंक प्रदान गरिनेछ ।)

(ख) अनुभव-१५ अङ्क

| | | बीमा/पुनर्बीमा | बैङ्क वा वित्तीय क्षेत्र |
|---|---|---|---|
| (१) | बीमा ऐन, २०७९ को दफा ५७ को उपदफा (४) को खण्ड (क) मा तोकिए बमोजिम व्यवस्थापक तह अधिकृत द्धितीय वा सो भन्दा माथिको पद/तहमा हासिल गरेको अनुभव वापतको अङ्कमा बीमा क्षेत्रमा भए पाँच वर्ष (प्रति वर्ष १.५ अङ्कका दरले), बैङ्क वा वित्तीय क्षेत्रमा भए आठ वर्ष (प्रति वर्ष ०.९३७५ अङ्क), तथा दुवै क्षेत्रमा भए सात वर्ष मध्ये बीमामा कम्तीमा एक वर्षको बीमा क्षेत्रको (प्रति वर्ष १.५ अङ्क), वित्तीय क्षेत्रको भए (प्रति वर्ष ०.९९९ अङ्क), | ७.५ अङ्क | ७.५ अङ्क |
| (२) | बीमा ऐन, २०७९ को दफा ५७ को उपदफा (४) को खण्ड (ख) अनुसार योग्यता हासिल गरेकाको हकमा व्यवस्थापक तह अधिकृत द्धितीय वा सो भन्दा माथिको पद/तहमा हासिल गरेको अनुभव वापतको अङ्कमा बीमा क्षेत्रमा भए दश वर्ष (प्रति वर्ष ०.७५ अकं), बैङ्क वा वित्तीय क्षेत्रमा भए पन्ध्र वर्ष (प्रति वर्ष ०.४९५ अङ्क), तथा दुवै क्षेत्रमा भए बाह्र वर्ष मध्ये बीमामा कम्तीमा एक वर्षको बीमा क्षेत्रको (प्रति वर्ष ०.७५ अङ्क), वित्तीय क्षेत्रको भए (प्रति वर्ष ०.६१५ अङ्क), | | |
| (३) | उच्च व्यवस्थापकिय तह (तह एघार वा सो भन्दा माथि) थप प्रत्येक बर्ष बीमा क्षेत्रमा कार्य गरेको अनुभव भए प्रति वर्ष १.१२५ र बैङ्क तथा वित्तीय क्षेत्रको अनुभव भए प्रति वर्ष ०.७५ अङ्क, | ३.७५ अङ्क | ३ अङ्क |
| (४) | प्रमुख कार्यकारी अधिकृत पदको अनुभवका लागि प्रत्येक बर्ष बीमा क्षेत्रमा कार्य गरेको अनुभव भए प्रति वर्ष १.१२५ र र बैङ्क तथा वित्तीय क्षेत्रको अनुभव भए प्रति वर्ष ०.७५ अङ्क । | ३.७५ अङ्क | ३ अङ्क |

तर एक बर्ष भन्दा कम अविधको अनुभव वापतको अङ्क दिइनेछैन । अनुभवको अङ्क गणना गर्दा बीमाको अनुभवको गणना गरी बाँकी अङ्कभार बैङ्क तथा वित्तीय क्षेत्रको अनुभवलाई गणना गरिनेछ ।

| | | |
|---|---|---|
| (ग) | व्यावसायिक कार्ययोजना (Business Action Plan) को गुणस्तर | ३० अङ्क |
| (१) | कम्पनीको संक्षिप्त जानकारी | २ अङ्क |
| (२) | कम्पनीको विद्यमान अवस्थाको पहिचान र विश्लेषण | ५ अङ्क |
| (३) | कम्पनीको SWOT Analysis र सुधार गर्नुपर्ने क्षेत्रहरु | ५ अङ्क |
| (४) | रणनीतिक सुधार गर्नुपर्ने क्षेत्रहरुको विश्लेषण | ५ अङ्क |
| (५) | समय सारिणी सहितको कार्ययोजना | ८ अङ्क |
| (६) | प्रक्षेपित वित्तीय विश्लेषण | ५ अङ्क |

(४) उपदफा (२) को खण्ड (ख) बमोजिम कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्ताको देहाय बमोजिम अङ्क प्रदान गरिनेछः-

| | | |
|---|---|---|
| (क) | कार्ययोजनाको प्रस्तुतीकरण | २० अङ्क |
| (१) | तर्कपूर्ण प्रस्तुति | ५ अङ्क |
| (२) | सिर्जनशीलता | ५ अङ्क |
| (३) | कार्य योजनाको स्पष्टता | ५ अङ्क |
| (४) | नेतृत्व सीप क्षमता | ५ अङ्क |

| | | |
|---|---|---|
| (ख) | अन्तर्वार्ता | २५ अङ्क |
| (१) | व्यक्तित्व | ५ अङ्क |
| (२) | आत्मविश्वास | ५ अङ्क |
| (३) | विषयवस्तुको ज्ञान र उद्देश्यको स्पष्टता | ५ अङ्क |
| (४) | क्रिया प्रतिक्रियामा दक्षता र विषयवस्तुको सान्दर्भिकता | ५ अङ्क |
| (५) | तर्कपूर्ण प्रस्तुति एवं अभिव्यक्ति | ५ अङ्क |

९. **छनौटका आधार तथा प्रक्रियाः** (१) उम्मेदवारको शैक्षिक योग्यता, अनुभव र पेश भएको व्यावसायिक कार्य योजनाको मूल्याङ्कनमा कम्तिमा साठ्ठी प्रतिशत अङ्क प्राप्त गर्ने उम्मेदवारहरुमध्ये सबै भन्दा बढी अङ्क प्राप्त गर्ने बढीमा पाँच जना उम्मेदवारहरुलाई छनौट गरी संक्षिप्त सूची तयार गरिनेछ । यस्तो सूची उम्मेदवारहरुको नामको वर्णानुक्रमको आधारमा प्रकाशित गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुलाई व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्तामा समावेश गरिनेछ ।

(३) संक्षिप्त छनौटमा परेका आवेदक कुनै निकाय/संस्थामा कार्यरत रहेमा व्यावसायिक कार्ययोजना प्रस्तुति अगावै कार्यरत निकाय/संस्थाको स्वीकृति पत्र छनौट तथा सिफारिस समिति समक्ष बुझाउनुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवारहरुमध्ये शैक्षिक योग्यता, अनुभव, व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन र प्रस्तुतीकरण तथा अन्तर्वार्तामा कूल प्राप्त अङ्कको आधारमा सबैभदा बढी अङ्क प्राप्त गर्ने बढीमा तीन उम्मेदवारहरुलाई छनौट तथा सिफारिस समितिले सञ्चालक समिति समक्ष सिफारिस गर्नेछ ।

(५) उम्मेदवारको मूल्याङ्कन अङ्क प्रदान गर्दा अङ्क र अक्षर दुवैमा लेख्नुपर्नेछ । उम्मेदवार छनौटको प्रत्येक चरणको कागजात र प्राप्ताङ्क सिलबदी गर्नुपर्नेछ ।

(६) दफा (३) बमोजिम सूचना प्रकाशन भएकोमा तिन भन्दा कम आवेदन परेको अवस्थामा प्राप्त आवेदनहरुलाई यथावत राखी सात दिनको म्याद दिई पुनः सूचना प्रकाशन गरिनेछ । उक्त म्यादभित्र पनि कुनै आवेदन प्राप्त नभएमा प्राप्त भएजति आवेदनबाटै छनौट प्रक्रिया अगाडि बढाइनेछ ।

**१०. व्यावसायिक कार्ययोजना (Business Action Plan) को परीक्षण, प्रस्तुतीकरण एवं अन्तर्वार्ता सम्बन्धी व्यवस्थाः** (१) व्यावसायिक कार्ययोजनाको परीक्षण तीन जना विज्ञहरुबाट छुट्टाछुट्टै गोप्य रुपमा हुनेछ ।

(२) उपदफा (१) बमोजिम विज्ञहरुको परीक्षणबाट प्राप्त अङ्कको औषत अङ्क निकाली सो अङ्कलाई व्यावसायिक कार्ययोजना वापतको प्राप्ताङ्कको रुपमा गणना गरिनेछ ।

(३) उपदफा (२) बमोजिम व्यावसायिक कार्ययोजना वापतको प्राप्ताङ्कमा शैक्षिक योग्यताको अङ्क, अनुभवको अङ्क, प्रस्तुतीकरणको औसत अङ्क र अन्तर्वार्ताको औसत अङ्क जोडी हुन आउने कुल अङ्कलाई उम्मेदवारको प्राप्ताङ्क मानिनेछ ।

(४) व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन प्रक्रियामा गोप्यता कायम हुने गरी विज्ञको सहयोग लिइनेछ ।

**११. छनौट तथा सिफारिस समितिः** (१) प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको लागि छनौट गरी सिफारिस गर्न सञ्चालक समितिले एक सञ्चालक सदस्यको संयोजकत्वमा दुई जना सञ्चालक सदस्य सहित तीन सदस्यीय छनौट तथा सिफारिस समिति गठन गर्नेछ साथै यसरी गठित समितिले आवश्यकता अनुसार बढिमा दुई जनासम्म बीमा विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठीत छनौट तथा सिफारिस समितिले यो कार्यविधि बमोजिम प्रमुख कार्यकारी अधिकृत छनौट गरी सञ्चालक समिति समक्ष सिफारिस गर्नेछ ।

**१२. दरखास्त दस्तुर तथा अन्य व्यवस्थाः** (१) उम्मेदवारले दरखास्त दस्तुर बापत रु पाँच हजार कम्पनीको तोकिएको बैङ्क खातामा नगद जम्मा गरेको प्रमाण दरखास्तसाथ संलग्न गरी पेश गर्नुपर्नेछ ।

(२) छनौट सम्बन्धी अन्य प्रक्रिया आवश्यकता अनसुार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ

(३) छनौट तथा सिफारिस समितिको सचिवालय कम्पनीको प्रधान कार्यालयमा रहनेछ ।

**१३. प्रमुख कार्यकारी अधिकृतको लागि तोकिएको कार्य क्षेत्रगत शर्तहरु एवं सुविधाः** प्रमुख कार्यकारी अधिकृत पदको काम, कर्तव्य र अधिकार बीमा ऐन, २०७९ को दफा ५८ मा उल्लेखित कार्य, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा कार्यविधि, नियामक निकायबाट जारी भएको निर्देशिका/कार्यविधि/ निर्देशन र सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**१४. बाधा अड्चन फुकाउः** यो कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा आइपरेमा सञ्चालक समितिले बाधा अड्चन फुकाउ गर्न सक्नेछ ।

अनुसूची १

(दफा ३ सँग सम्बन्धित)

राष्ट्रिय जीवन बीमा कम्पनी लिमटडको

प्रमुख कार्यकारी अधिकृतको

पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति ....................)

राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडमा रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकाले देहायका न्यूनतम शैक्षिक योग्यता र अनुभव हाँसिल गरेका इच्छुक योग्य नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले कार्यालय समयमा २१(एक्काइस) दिनभित्र यस कम्पनीको कार्यालय रामशाहपथ, काठमाडौंमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. आवश्यक शैक्षिक योग्यता, अनुभव र उमेरः

(क) कार्यविधिको दफा ४ बमोजिम योग्यता तथा उमेर भएको,

(ख) कार्यविधिको दफा ६ बमोजिम अयोग्य नभएको ।

२. दरखास्तसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरुः

(क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोवाइल नम्बर, घर वा कार्यालयको ठेगाना) खुलेको विस्तृत वैयक्तित विवरण,

(ख) उम्मेदवार आफैले प्रमाणित गरेको नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम तथा अनुभवको कागजातको प्रतिलिपी,

(ग) पाँच हजार शब्दमा नबढ्ने गरी तयार गरिएको कम्पनीको व्यावसायिक कार्ययोजना (Business Action Plan) चार प्रति र

(घ) कार्यविधिको अनुसूची-२ बमोजिमको दरखास्त फारम ।

३. दरखास्तसाथ उम्मेदवारले कार्यविधिको दफा ६ मा उल्लेखित एंव दरखास्त फारामको बुदाँ नं. ११ बमोजिमको विवरण स्वयंले प्रमाणित गरी संलन गर्नुपर्नेछ ।

४. प्रमुख कार्यकारी अधिकृतको कार्य एंव पाउने मासिक पारिश्रमिक तथा अन्य सुविधा कम्पनीको सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

५. व्यावसायिक कार्ययोजनामा समावेश हुने विषय, छनौटको आधार तथा प्रक्रिया सम्बन्धी विस्तृत विवरण र दरखास्त फाराम कम्पनीको वेवसाइटमा प्रकाशित "राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत छनौट तथा सिफारिस कार्यविधि,२०८१" अनुसार हुनेछ ।

६. दरखास्त पेश गर्दा "राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदको लागि व्यावसायिक कार्ययोजना" भन्ने उल्लेख गरेको सिलबन्दी खाम संलग्न हुनुपर्नेछ ।

७. उम्मेदवारले दरखास्त दस्तुर वापत पाँच हजार राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडको नाममा नेपाल बैङ्क लिमिटेड, काठमाडौं बैकिङ्ग अफिस, धर्मपथमा रहेको खाता नम्बर ००२००१००५०२४०२००००००३ मा नगद जम्मा गरेको प्रमाण दरखास्तसाथ संलग्न गरी पेश गर्नुपर्नेछ ।

८. झुठ्ठा विवरण र कागजात संलग्न गरी दरखास्त दिएमा दरखास्त रद्द गरी प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

९. प्रमुख कार्यकारी अधिकृत छनौट तथा सिफारिस कार्यविधि, २०८१ कम्पनीको वेबसाइटमा राखिएको छ ।

१०. यस सम्बन्धी थप जानकारीका लागि कम्पनीको सञ्चालक समितिको सचिवालयमा वा फोन नं ०१-५३६२५२० Ext २०४ मा सम्पर्क गर्न सकिनेछ ।

अनुसूची २

राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड

प्रमुख कार्यकारी अधिकृत पदको लागि दरखास्त फाराम

| |
|---|
| हालसालै खिचेको फोटो टाँसी फोटोमा पर्ने गरी दस्तखत गर्ने |

| |
|---|
| कम्पनी प्रयोजनको लागि<br>दर्ता नं.....................................<br>दर्ता मितिः.................................. |

१. उम्मेदवारको नाम, थरः

(क) देवनागरीमा :.........................................................................................

(ख) अंग्रेजीमा (Capital Letters) ....................................................... ........................

२. ठेगानाः

(क) स्थायीः

प्रदेशः..................................................

जिल्लाः...............................................

नगरपालिका/गा.पा................................

वडा नं...............................................

टोल नं.............................................

घर नम्बरः..........................................

टेलिफोन नं.........................................

(ख) अस्थायी (सम्पर्क ठेगाना):

प्रदेशः...................................................

जिल्लाः.................................................

नगरपालिका/गा.पा..................................

वडा नं..................................................

टोल नं................................................

घर नम्बरः............................................

टेलिफोन नं............................................

ईमेल.............................................................................

३. बाजेको नाम थरः................................................... नागरिकता नं/जिल्लाः....................................

४. बाबुकोनाम थरः...................................................... नागरिकता नं/जिल्लाः....................................

५. आमाको नाम थरः.....................................................नागरिकता नं/जिल्लाः.....................................

६. पति/पत्नीको नाम थरः.............................................नागरिकता नं/जिल्लाः.....................................

७. उम्मेदवारको जन्म मितिः.......................................................................

८. दरखास्त दिने अन्तिम मितिमा हुने उमेरः...................................................

९. शैक्षिक योग्यता विवरणः

| क्र.सं. | उत्तीर्ण भएको योग्यता | परीक्षा लिने संस्थाको नाम र ठेगाना | परीक्षा पास गरेको साल | प्राप्त श्रेणी | मुख्य विषय |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

१०. अनुभव विवरणः

| क्र.सं. | पद | संस्थाको नाम र ठेगाना | मुख्य जिम्मेवारी | अनुभव अवधि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. मैले दरखास्त फारममा प्रस्तुत गरेका विवरणहरु तथा देहाय बमोजमका विवरणहरु साँचो र दुरुस्त छन्, झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला/बुझाउँला ।

(क) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ख) राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडसँग ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्तिको कारोवारमा आफै वा आफ्नो परिवारका कुनै सदस्यको सलंग्नता नभएको वा कम्पनीसँग निजी स्वार्थ नभएको,

(ग) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाकीं नरहको,

(घ) किर्ते, जालसाजी, भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण, मानव बेचबिखन, बैंकिङ्ग कसूर, बीमा तथा अन्य ठगी, शरीर बन्धक वा अपहरण जस्ता फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ङ) टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजायँ नपाएको एवं दामासहीमा नपरेको,

(च) नेपालको प्रचलित कानुन बमोजिम कालोसच्चीमा नपरेको वा कालोसच्चीबाट फुकुवा भएको तीन वर्ष पूरा भएको,

(छ) कुनै प्रकारको कर तिर्न बाँकी बक्यौता नभएको,

(ज) विगत तीन वर्षको अवधिमा कम्पनीको लेखापरीक्षक भई कार्य नगरेको,

(झ) धितोपत्र व्यवसायीको रुपमा कार्य गर्ने वा धितोपत्र बजारको सदस्य नरहेको,

(ञ) विदेशी मलुकुको स्थायी आवासीय अनुमति पत्र नरहेको,

(ट) नियामक निकायबाट प्रमुख कार्यकारी अधिकृत हुन अयोग्य हुने भनी तोकिएको अवस्था नभएको ।

**ल्याप्चेः**

| दायाँ | बाँया |
|---|---|
| | |

उम्मेदवारको दस्तखतः

....................................................

नामः..............................................

ठेगानाः...........................................

मितिः.............................................